**प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३**

**प्रस्तावनाः** प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी कार्यविधि, २०८२ मा संशोधन गर्न वाञ्छनीय भएकोले; प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७८ को दफा १३ को उपदफा (३क) ले दिएको अधिकार प्रयोग गरी सिफारिस समितिले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि सिफारिस समितिबाट स्वीकृत भएको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ।

**२. मूल कार्यविधिको दफा ३ मा संशोधनः** कार्यकारी निर्देशक सिफारिस सम्बन्धी कार्यविधि, २०८२ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः "

"(१) केन्द्रको कार्यकारी निर्देशकको नियुक्तिका लागि सिफारिस गर्न आदेशको दफा १३ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम गठित देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः

क. प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — संयोजक
ख. निर्देशक समितिको अध्यक्षले तोकेको प्राज्ञिक क्षेत्रसँग सम्बन्धित विषय विज्ञ — सदस्य
ग. प्रमुख सचिवले तोकेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव — सदस्य सचिव"